## विदेशबाट काठ आयात गर्दा अपनाउनु पर्ने मापदण्ड, २०७३
(स्वीकृत मिति: २०७३-०९-२८)

**प्रस्तावना:** विदेशबाट आयात हुने काठको गुणस्तर कायम गर्न, काठ उपभोक्ता हितको रक्षा, काठको आयात तथा निर्यातलाई नियमन गर्न, सम्भावित रोग ब्याधि तथा मिचाहा प्राजातिको नियन्त्रण गर्न र नेपालको वातारणीय तथा पारस्थितिकिय प्रणालीलाई सुरक्षित राख्न तथा दिगो वन ब्यबस्थापनलाई टेवा पुराउने उद्देश्यले वन नियमावली २०५१ को नियम १३ (३) मा भएको ब्यबस्था अनुसार वन ऐन २०४९ को दफा ६७ बमोजिम विदेशबाट काठ आयात गर्दा अपनाउनु पर्ने मापदण्ड निर्देशिका,२०७३" यो मापदण्ड निर्देशिका तयार गरि जारी गरिएको छ |

### १. परिभाषा:

१.१. काठ भन्नाले रुखको काण्डलाई टुक्रा बनाई उत्पादन भएका गोलिया वा गोलियालाई चिरान गरी तयार पारिएको विभिन्न नाप पैमाईस भएको चौकोश वा फ्रेम समेतलाई बुझाउछ ।

१.२. आयातकर्ता भन्नाले प्रचलित कानून बमोजिम बिदेशबाट काठ आयात गर्ने इजाजत प्राप्त व्यापारिक फर्म वा संघ संस्थालाई बुझाउछ ।

१.३. फाइटोस्यानिटरी प्रमाणपत्र भन्नाले रोग, किरा तथा सो अनुसारका अन्य संक्रमण रोग नभएको काठ हो भनि काठ उत्पादक देशको सरकारी निकाय वा सरकारद्वारा मान्यता प्राप्त संस्था वा प्रयोगशालाले जारी गरेको प्रमाणपत्रलाई बुझाउछ ।

१.४. विभाग भन्नाले वन विभागलाई बुझाउछ |

१.५. मन्त्रालय भन्नाले वन तथा भू-संरक्षण मन्त्रालयलाई बुझाउछ |

१.६ कार्यालय भन्नाले जिल्ला वन कार्यालयलाई बुझाउछ |

### २. मापदण्ड तथा प्रक्रिया:

२.१. काठ आयात गर्न चाहने फर्म वा संघ-संस्था नेपालको प्रचलित कानून बमोजिम सम्बन्धित सरकारी निकायमा दर्ता भई नियमित रुपमा मूल्य अभिवृद्धिकर तथा अन्य कर तिरेको हुनु पर्नेछ |

२.२. काठ आयात गर्ने फर्म वा संघ संस्थाले काठ आयात गरिसके पछि सम्बन्धित जिल्लाको भन्सार कार्यालय मार्फत वा सिधै सम्बन्धित नाकाको जिल्ला वन कार्यालयमा निम्नानुसारका कागजात पेश गरी इजाजतपत्र लिनु पर्ने छ |

(क) उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin)
(ख) आयात लाइसेन्स (Import License)
(ग) आयात अनुमति पत्र (Import Permit)
(घ) विल भौचर (Bill / Invoice)
(ङ) ट्रान्जिट अनुमति (Transit Permit)
(च) फाइटोस्यानिटरी प्रमाणपत्र (Phytosanitary Certificate)
(छ) क्वारेन्टाइनको प्रमाणपत्र (Quarantine)

२.३. बिदेशीबाट काठ आयात हुने भंसार नाकाको कार्यक्षेत्र पर्ने जिल्ला वन कार्यालयले संबन्धित भंसार कार्यालयसंग समन्वय गरी बुँदा न. २.२ मा उल्लेख भएका कागजातको आधारमा आवश्यक जाँचबुझ गरि यस निर्देशिका अनुरुप आयात भएको देखिएमा उक्त आयातित काठ प्रमाणित हुने टाँचा वा

निस्सा वा काठ आयातित भएको सवारी साधान, सिल लगाई देश भित्र ओसारपोसार गर्न निश्चित दिनको म्याद दिई छोडपूर्जी इजाजपत्र दिने छ र सोको जानकारी वन विभाग, संबन्धित क्षेत्रीय वन निर्देशनालय र काठ पुरयाउने अन्तिम बिन्दु/डिपोको कार्यक्षेत्र भएको जिल्ला वन कार्यालयलाई दिनु पर्नेछ।

२.४. वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय ब्यापार नियमन गर्ने महासन्धि (CITES) का अनुसूचिमा सूचीकृत भएका प्रजातिका हकमा भने माथि उल्लेख भएको अतिरिक्त काठ निर्यात गर्ने देशको CITES व्यवस्थापन र वैज्ञानिक निकाय (CITES Management and Scientific Authority) ले जारी गरेको CITES निकासी र पैठारी इजाजतपत्र समेत संलग्न गरेको हुनुपर्ने छ ।

**३. विविध**

३.१. आयात अनुमतिपत्रमा उल्लेख गरेको परिमाण र प्रजाति बाहेकका काठ आयात भएमा वा बुँदा न. २.२. अनुसारका कागजात नभएमा सोको सम्पूर्ण जिम्मेवारी आयातकर्तामा रहने छ | प्रक्रिया नपुराई ल्याएको काठ नेपाल सरकारले जफत गरी प्रचलित कानून बमोजिम कार्यवाही गर्न सक्ने छ |

३.२. यसरी आयत गरिएका काठ विक्री वितरणको रेकर्ड आयातकर्ताले दुरुस्त राख्नुपर्नेछ ।

३.३. काठ आयात साथ संलग्न हुनुपर्ने कागजातहरु आयात गरिने काठसंगसंगै बुँदा न. २.२. अनुसारका कागजातहरु समेत आयातकर्ताले खोजेको समयमा देखाउनु पर्नेछ |

३.४. उपचार (Treatment) गरिएका काठ आयात गर्दा मानव स्वास्थलाई प्रतिकुल असर गर्ने वा अन्तर्राष्ट्रियस्तरमा प्रतिवन्धित औषधिको प्रयोग गरेको काठ ल्याउन पाइने छैन |

३.५. आयात गरिएको काठको बिक्रि गर्ने स्थानमा बिक्रेताले काठको स्थानीय नाम, बैज्ञानिक नाम, नाप पैमाईस, काठको बलियोपन र टिकाउपन, काठको प्रति इकाई विक्री मूल्य लगायतका विवरण सबैले देख्ने गरी सुचना पार्टीमा टाँस्नु पर्ने छ |

३.६. यो मापदण्ड निर्देशिका लागु हुनु अगाडि (LoC-Letter of Credit ) खोलि प्रचलित कानूनबमोजिम आयातको प्रक्रियामा रहेको अबस्था भएमा प्रचलित कानूनको अधिनमा रही आयात गर्न दिनेछ ।

३.७. विदेशबाट काठ आयात गर्दा दिगो वन ब्यबस्थापन भएको वनबाट खरिद गरेको सुनिश्चितता हुनु पर्ने छ |

३.८. अन्य मापदण्डको हकमा प्रचलित कानून र नेपाल सरकारले तोके बमोजिम हुने छ |

**४. अनुगमन तथा मुल्यांकन**

४.१. काठ आयातित भएको सम्बन्धित जिल्ला वन कार्यालयले आयात गरिएको काठको विवरण सहितको प्रतिवेदन सम्बन्धित क्षेत्रीय वन निर्देशनालय, वन विभाग र वन मन्त्रालयलाई चौमासिक रुपमा पेश गर्नु पर्ने छ |

४.२. आयातित काठको तोकिएको गुणस्तर र विक्री वितरण सम्बन्धमा मन्त्रालय, मातहतका विभाग, निर्देशनालय र कार्यालयले नेपाल वन पैदावार उद्योग ब्यबसायी महासंघ र उपभोक्ता लगायतका सरोकारवाला समेतको सहभागितामा आवस्यकता अनुसार अनुगमन गरि नियमन गर्न सक्ने छ |

**५. बाधा अडकाउ फुकाउने:**

यस मापदण्ड कार्यान्वयनका सन्दर्भमा कुनै मतभिन्नता वा बाधा अडचन परेमा वन तथा भूसंरक्षण मन्त्रालयले बाधा अडकाउ फुकाउने संसम्बन्धमा निर्देशन दिनसक्नेछ ।